सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास

माननीय न्यायाधीश श्री कुमार रेग्मी

**<u>आदेश</u>**

**०८३-WO-०३२५**

हितेन्द्र देव शाक्य---------------------------------------------------------निवेदक

**<u>विरुद्ध</u>**

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय सिंहदरवार काठमाडौं समेत-----------------------------------------------------------------प्रत्यर्थी

**मुद्दाः उत्प्रेषण।**

नियमबमोजिम इजलाससमक्ष पेश हुन आएको निवेदनपत्र सहितको मिसिल अध्ययन गरी निवेदकको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताद्वय श्री शम्भु थापा र श्री रमेश बडाल तथा विद्वान् अधिवक्ता श्री किरण पौडेलले गर्नुभएको बहस समेत सुनियो।

यसमा के कसो भएको हो? निवेदकको मागबमोजिम आदेश किन जारी हुन नपर्ने हो? आदेश जारी हुनु नपर्ने भए सो को आधार र कारणसहित बाटोको म्याद बाहेक सूचना म्याद पाएका मितिले १५ दिनभित्र प्रत्यर्थी नं. १, २ र ३ को हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत तथा प्रत्यर्थी नं. ४ र ५ को हकमा आफै वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नु भनी प्रस्तुत आदेश र रिट निवेदनको एक एक प्रति नक्कल समेत साथै राखी प्रत्यर्थीहरूका नाममा सूचना म्याद जारी गरी म्यादभित्र लिखित जवाफ परे वा अवधि व्यतीत भएपछि नियमानुसार पेस गर्नू।

यसमा निवेदकले अन्तरिम आदेश माग गरेको तर्फ विचार गर्दा, सो सम्बन्धमा दुवै पक्षलाई राखी छलफल गरी निकास दिन उपयुक्त हुने देखिंदा सो प्रयोजनका लागि मिति २०८३।०६।१६ को पेशी तोकिदिएको छ। सो को सूचना प्रत्यर्थीहरुलाई दिई नियमानुसार पेश गर्नु।

न्यायाधीश

इति सम्वत् २०८३ असोज महिना ७ गते रोज ४ शुभम्.......................................।